प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको क्षेत्रमा रहेको वडा नं २ स्थित ऐतिहाँसिक, धार्मिक तथा पर्यटकीय स्थल ताप्ली पोखरीको संरक्षण, संवर्द्धन तथा विकास गर्नको लागि वातावरणमैत्री तवरबाट आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा दिगोपना आउने गरी संस्थागत संयन्त्रको माध्यमबाट व्यवस्था गर्न वाञ्छनीय भएकोले ताप्ली गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको ताप्ली पोखरी विकास समिति कार्यविधि २०८१**" रहेको छ।

ख) यो कार्यविधि मिति २०८१/११/२८ देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले "**ताप्ली गाउँपालिकाको ताप्ली पोखरी विकास समिति कार्यविधि २०८१**" लाई सम्झिनु पर्छ।

ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ।

ग) कार्यपालिका भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

घ) गाउँपालिका अध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

ङ) गाउँपालिका उपाध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

छ) वडा अध्यक्ष भन्नाले ताप्ली गाउँपालिकाको वडा नं २ को वडा अध्यक्ष सम्झनु पर्छ।

ज) वडा सदस्य भन्नाले ताप्ली गाउँपालिकाको वडा नं २ को वडा सदस्य वा सदस्यहरुलाई सम्झनु पर्छ।

झ) वडा सचिव भन्नाले यस ताप्ली गाउँपालिकाको वडा नं २ को वडा सचिवलाई सम्झिनु पर्छ।

ञ) अध्यक्ष भन्नाले यस कार्यविधि बमोजिम गठित कार्य समितिको अध्यक्षलाई सम्झिनु पर्छ।

ट) उपाध्यक्ष भन्नाले यस कार्यविधि बमोजिम गठित कार्य समितिको उपाध्यक्षलाई सम्झिनु पर्छ।

ठ) सचिव भन्नाले यस कार्यविधि बमोजिम गठित कार्य समितिको सचिवलाई सम्झिनु पर्छ।

ड) कोषाध्यक्ष भन्नाले यस कार्यविधि बमोजिम गठित कार्य समितिको कोषाध्यक्षलाई सम्झिनु पर्छ।

ढ) सदस्य भन्नाले यस कार्यविधि बमोजिम गठित कार्य समितिको सदस्य वा सदस्यहरुलाई सम्झिनु पर्छ। सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ।

ण) पोखरी भन्नाले यस ताप्ली गाउँपालिका वडा नं २ मा अवस्थित ताप्ली पोखरी सम्झनु पर्छ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्थाः

३. समितिको गठनः

क) यस समतिको नाम ताप्ली पोखरी विकास समिति हुनेछ।

ख) समितिमा देहाय बमोजिमका ७ जना सदस्यहरु रहने छन्।

अ) अध्यक्ष

आ) उपाध्याक्ष

इ) सचिव

ई) कोषाध्यक्ष

उ) सदस्य ३ जना

ग) समितिमा ३३% महिला सदस्य कायम गर्नु पर्नेछ।

घ) समितिका सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ।

अ) ताप्ली गाउँपालिकामा स्थायी बसोबास भएको।

आ) २१ बर्ष उमेर पूरा भएको।

इ) नेपाली नागरिकता प्राप्त गरेको।

ई) फौजदारी अभियोगमा सजाय नपाएको।

ङ) समितिका सदस्यहरुको पदावधी ३ बर्षको हुनेछ। समितिको अध्यक्ष पदमा एकै व्यक्ति लगातार २ कार्यकाल भन्दा बढि बहाल रहन पाउने छैन।

च) समितिको सदस्यहरुको चयन सूचना आह्वान गरी परेको आवेदनहरु मध्येबाट कार्यपालिकाले छनोट गरे बमोजिम हुनेछ।

४. सदस्यता कायम नरहनेः

क) देहायको अवस्थामा समितिका सबै वा कुनै सदस्यको सदस्यता कायम रहने छैन।

अ) सदस्यको कार्य सम्पादन सन्तोष जनक नभएको भनी कार्यपालिकाको बहुमत सदस्यले निर्णय गरेमा।

आ) झुटो विवरण पेश गरी सदस्यता लिएको भएमा।

इ) ताप्ली गाउँपालिकाको स्थायी बासिन्दा नरहेमा।

ई) फौजदारी अभियोगमा सजाय पाएमा।

५. समितिको छाप अनुसूची १ मा व्यवस्था भए बमोजिम हुनेछ।

६. समितिको सदस्यहरुको टुँगो लागि सकेपछि गाउँ कार्यपालिकाको कार्यालयले अनुसूची २ मा व्यवस्था भए बमोजिम संस्था दर्ताको प्रमाण पत्र दिनेछ । संस्थाको नवीकरण हरेक बर्षको अशोज मसान्त भित्रमा अनिवार्य रुपमा गरिसक्नु पर्नेछ ।

७. समिति ताप्ली गाउँपालिकाको एक अंगको रुपमा रहने भएकोले समितिको कामकाजको सिलसिलामा गाउँपालिकामा कुनै पनि शुल्क बुझाउनु पर्ने छैन ।

८. समितिको कार्यालय गाउँ कार्यपालिकाले तोकेको स्थानमा रहने छ ।

९. समितिको सदस्यहरुको सदस्ता प्रमाण-पत्र अनुसूची ३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

१०. सदस्यहरुले समितिमा बस्न नचाहेमा निम्नानुसार राजीनामा दिन सक्नेछ ।

क) सदस्य, कोषाध्यक्ष, सचिव र उपाध्यक्षले अध्यक्ष समक्ष

ख) अध्यक्षले गाउँकार्यपालिका समक्ष ।

## परिच्छेद-३

## लेखा सम्बन्धी व्यवस्थाः

११. समितिको खाता नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकमा रहने छ ।

१२. खातामा देहायका रकमहरु जम्मा गरिनेछन् ।

क) गाउँपालिकाबाट समितिलाई प्राप्त भएको रकम ।

ख) प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त भएको रकम ।

ग) कुनै दातृ संस्था, निकाय वा व्यक्तिबाट दान स्वरुप प्राप्त रकम ।

घ) पोखरी क्षेत्रबाट प्राप्त भएको अन्य रकम ।

१३. बैंक खाताको सञ्चालन अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. समितिको आफ्नै प्यान नं हुनेछ ।

१५. समितिको हरेक आर्थिक बर्षको आय व्यायको लेखापरीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

१६. लेखापरिक्षणको प्रतिवेदन गाउँ कार्यपालिकामा कार्तिक मसान्त भित्रमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## समितिको निर्णय सम्बन्धी व्यवस्थाः

१७. समितिको निर्णय सम्पुर्ण सदस्यको उपस्थितिमा बहुमतबाट र ५० प्रतिशत भन्दा बढि सदस्यको उपस्थितिमा सर्व सम्मतबाट हुनेछ ।

१८. श्रोत परिचालन तथा आन्तरिक आयको विषयमा भएको निर्णय गाउँकार्यपालिकामा पेश गरी कार्यपालिकाबाट अनुमोदन भए पछि मात्र लागु हुनेछ ।

१९. दफा १६ बमोजिमको निर्णयको विषयमा प्रष्ट्याउन अध्यक्षले कार्यपालिकामा उपस्थितिको लागि अनुरोध गरेमा कार्यपालिकाको अध्यक्षता गर्ने व्यक्तिले उपस्थितिको लागि सहमति दिन सक्नेछ। यसरी सहमति प्राप्त भएमा अध्यक्ष सोहि अवधी भरी मात्र र सो प्रयोजनको लागि मात्र  र्यपालिकाको वैठकमा रहन पाउने छ।

## परिच्छेद-५

## काम, कर्तव्य र अधिकार

२०. समितिको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्।

क) पोखरी क्षेत्र भित्रका सम्पदाहरुको संरक्षण, संवर्द्धन एवं विकासका कार्यहरु गर्ने।

ख) पोखरी क्षेत्रमा भ्रमणमा आउने पर्यटक तथा विशिष्ट व्यक्तित्वहरुको सूविधाको निमित्त होम स्टेको व्यावस्थापनमा जोड दिने।

ग) पोखरी क्षेत्रलाई गुणात्मक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक कार्यहरु गर्ने।

घ) पोखरी क्षेत्रमा धार्मिक, साँस्कृतिक अवसर पारेर व्यपारिक मेलाको आयोजना गर्ने।

ङ) पोखरी क्षेत्रमा पूर्वाधार निर्माण तथा विकास गर्नको लागि पहल कदमी गर्ने।

च) पोखरी क्षेत्रको प्रचार प्रसार गर्ने।

छ) पोखरी क्षेत्र विकास गर्नको लागि स्थानीय, प्रदेश तथा संघीय सरकार समक्ष समन्वय गर्ने।

ज) पोखरी क्षेत्रमा रहेका श्रोत तथा साधनहरुको प्रयोगमा उपयुक्त शुल्क निर्धारण गर्न समितिबाट निर्णय गरी कार्यपालिकामा अनुमोदनको लागि पेश गर्ने।

झ) पोखरी क्षेत्रको रेखदेख तथा हेरचाह गर्ने।

ञ) पोखरी क्षेत्रको विकासको लागि प्रस्ताव तयार गरी गाउँपालिकाको बार्षिक वजेटमा योजना स्वीकृत गर्न पहल गर्ने।

ट) विविध विषयहरुमा गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षसँग समन्वय गर्ने, परामर्श लिने तथा प्राप्त भएको निर्देशनको पालना गर्ने।

ठ) वडा सचिवसँग समन्वय गर्ने।

२१. अध्यक्षको काम, कर्तव्य र अधिकार

क) समितिको वैठकको अध्यक्षता गर्ने।

ख) कुनै विषयको निर्णयमा मत बराबर भएमा निर्णायक मत दिने।

ग) समितिको सरोकारको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

घ) पोखरी क्षेत्रको लागि तय भएका योजनाहरुको कार्यन्वय गर्न बार्षिक तथा आवधिक कार्ययोजना तयार गर्ने र कार्यान्वय गर्ने।

ङ) सचिवलाई समितिको वैठक बोलाउन निर्देशन दिने।

च) वैठकमा प्रस्ताव पेश गर्ने ।

छ) वैठकको निर्णय प्रमाणित गर्ने ।

ज) आय व्यय लगायत सवै विषयको श्रेष्ता दुरुस्त राख्न लगाउने ।

झ) सदस्यहरुलाई काम तथा जिम्मेवारी तोक्ने ।

ञ) कार्यविधि बमोजिमको राजीनामा स्वीकृति गर्ने ।

ट) गाउँपालिकाबाट आएका अन्य निर्देशन तथा कार्यहरु गर्ने ।

ठ) समितिको आय व्यायको लेखापरीक्षण गराउने ।

ड) लेखापरीक्षणको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्ने ।

ढ) कुनै पद रिक्त हुनासाथ गाउँपालिकालाई सो को जानकारी गराउने ।

२२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

ख) वैठकमा नियमित उपस्थित हुने ।

ग) अध्यक्षलाई विविध कार्यमा सहयोग गर्ने ।

घ) अध्यक्षको निर्देशनको पालना गर्ने ।

ङ) अन्य सदस्य र अध्यक्षकोबिचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२३. सचिवको काम, कर्तव्य र अधिकार

क) समितिको सचिव भई काम गर्ने ।

ख) वैठकमा नियमित उपस्थित हुने ।

ग) अध्यक्षको निर्देशन बमोजिम समितिको वैठक बोलाउने ।

घ) समितिको निर्णयहरु सुरक्षित राख्ने ।

ङ) परिपत्रको दर्ता तथा चलानी गर्ने ।

२४. कोषाध्याक्षको काम, कर्तव्य र अधिकार

क) समितिको लेखापालको कार्य गर्ने ।

ख) वैठकमा नियमित उपस्थित हुने ।

ग) समितिको जिन्सीको अभिलेख चुस्त राख्ने तथा सूरक्षा र हिफाजत गर्ने ।

घ) समितिको लेखा परीक्षण गराउने ।

ङ) हरेक आ.व. को लेखापरीक्षण प्रतिवेदन सुरक्षित राख्ने ।

च) कर बुझाउने तथा संस्था नवीकरण गर्ने कार्य गर्ने ।

२५. सदस्यहरुको काम, कर्तव्य र अधिकार

क) वैठकमा नियमित उपस्थित हुने ।

ख) समिति र पोखरी क्षेत्रको समग्र विकासमा सहयोगी भूमिका निर्वाह गर्ने।

ग) तोकिएको पदाधिकारी वा अधिकारीबाट प्राप्त जिम्मेवारी तथा निर्देशनको पालना गर्ने।

## परिच्छेद-६

## विविध

१. कार्यपालिकाले यस कार्यविधिको संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२. यस कार्यविधि बमोजिम कार्यन्वयनको चरणमा आएको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

३. यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

ताप्ली पोखरी विकास समिति

TPDC

२०८१

अनुसूची-२

# ताप्ली पोखरी विकास समिति

ताप्ली गाउँपालिका, वडा नं २

## समिति दर्ताको प्रमाण-पत्र

ताप्ली गाउँपालिका वडा नं २ स्थित धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्व बोकेको यस ताप्ली गाउँपालिकाको गरिमाको रुपमा रहेको ताप्ली पोखरीको संरक्षण, संबर्द्धन तथा विकास गर्नको निमित्त बनेको **ताप्ली गाउँपालिका ताप्ली पोखरी विकास समिति कार्यविधि २०८१** को दफा ६ बमोजिम यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

# ताप्ली पोखरी विकास समिति

ताप्ली गाउँपालिका, वडा नं २

## सदस्यताको प्रमाण-पत्र

तपाईँ श्री ............................ लाई ताप्ली पोखरी विकास समितिको ........ पदमा मिति ............... देखि ................ सम्म पदावधी कायम रहने गरी **ताप्ली गाउँपालिका ताप्ली पोखरी विकास समिति कार्यविधि २०८१** को दफा ९ बमोजिम यो सदस्यता प्रमाण-पत्र प्रदान गरिएको छ। छनोट हुन भएकोमा बधाई छ। कार्यविधिमा उल्लेख भए बमोजिमको कर्तव्य निष्ठापुर्वक वहन गर्नु हुनेछ भन्ने आशा लिएको छु।

प्रमुख प्रशासकीय अधिकृत